का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ पुस २०८१,
शनिबार
11 January, 2025
Saturay
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न





३०३औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसर पारेर नेपाली सेनाले गरेको गोरखा-काठमाडौं एकीकरण पद यात्रा हनुमानढोका दरबारमा समापन

# प्रधानमन्त्रीको अभिव्यक्तिले संशय

तत्काल संविधान संशोधन नहुने प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिसँगै सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा भावी सहकार्यलाई लिएर नेताहरूले संशय व्यक्त गर्न थालेका हुन्



प्रधानमन्त्रीको भनाइले ७ बुँदे सहमतिमाथि अपमान भएको छ र यो सरकारको औचित्य समाप्त भएको छ

● **अर्जुननरसिंह के. सी.**
नेता, नेपाली कांग्रेस



कांग्रेसका केही जिम्मेवार साथीहरूले एमालेका बारेमा बीचबीचमा झ्यारझ्यार गरिरहेको त्यति श्रवणीय छैन

● **विष्णु रिजाल**
नेता, नेकपा एमाले



संविधान संशोधन हुन्छ, गर्छ, गर्ने हो किनभने हाम्रो ७ बुँदे राजनीतिक सहमतिमा पनि यही कुरा छ

● **पृथ्वीसुब्बा गुरुङ**
प्रवक्ता, नेपाल सरकार

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

२ सत्तारूढ दल नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरू एकअर्काको सहकार्यप्रति संशय व्यक्त गर्न थालेका छन् । तत्काल संविधान संशोधन नहुने प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी शर्मा ओलीको अभिव्यक्तिसँगै २ दलका बीचमा भावी सहकार्यलाई लिएर नेताहरूले संशय व्यक्त गर्न थालेका हुन् ।

प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको केन्द्रीय कमिटी बैठकमा २०८७ सालमा मात्र संविधान संशोधन हुने बताएका थिए । त्यसपछि सरकार संविधान संशोधनको सहमतिबाट ब्याक भएको भनेर सत्तारूढ दल कांग्रेसकै कतिपय सांसदहरूले आपत्ति जनाइरहेका छन् ।

लगत्तै, झापाको कचनकवलमा आयोजित पार्टीको कार्यक्रममा बोल्दै कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले २ पार्टीका बीचमा ७ बुँदे समझदारी गर्दा संविधान संशोधन अहिलेकै आवश्यकता भएको जिकिर गरेका थिए ।

बिहीबार कांग्रेसका सांसद अर्जुननरसिंह के. सी.ले प्रधानमन्त्री ओलीको अभिव्यक्तिले सरकारको औचित्य नै समाप्त भएको आफ्नो दृष्टिकोण रहेको बताए ।

'२०८७ नभई संविधान संशोधन नै हुन सक्दैन भन्ने प्रधानमन्त्रीको भनाइले यो सरकार २ वटा ठूला-ठूला दलबाट जो बनेको छ, त्यसको ७ बुँदे सहमतिमाथि अपमान भएको छ र यो सरकारको औचित्य पनि समाप्त भएको छ भन्ने मेरो आफ्नो दृष्टिकोण छ', सांसद के. सी.ले भने ।

कांग्रेस नेता एनपी साउदलगायतले पनि प्रधानमन्त्रीको अभिव्यक्तिको विरोध गर्दै आएका छन् । एमालेका नेताहरू भने ओलीको बचाउमा छन् । >>> पृष्ठ २ मा

## छलफलमा प्रचण्ड, माधव र राजेन्द्र



माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारका सन्दर्भमा राजनीतिक सक्रियता बढाएका छन् । संविधान संशोधनको विषयलाई लिएर कांग्रेस र एमालेबीच खटपट सुरु भएको र नेताहरूले नै सत्ता सहकार्यको भविष्यबारे टिप्पणी गर्न थालेपछि दाहालले सक्रियता बढाएका हुन् ।

अध्यक्ष दाहालले बिहीबार नेकपा समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेट गरेका थिए । भेटमा संविधान संशोधनको विषयमा विपक्षी दलहरू एकजुट हुने भन्नेबारे छलफल भएको थियो । साथै, समाजवादी मोर्चालाई सक्रिय >>> पृष्ठ २ मा

## पानीपुरी र चटपटे बेचेर २ तले घर



विदेशमा वर्षौंदेखि बस्ने साथीभाइले पनि त्यही घर जग्गा जोडे, मैले पनि पानीपुरी र चटपटे व्यवसायको आम्दानीले थोरै भए पनि घर जग्गा जोडेको छु

■ **केशव मुखिया**

**सूर्यप्रसाद भुसाल**
अर्घाखाची, २६ पुस ।

अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क शान्ति बगैंचामा विगत १२ वर्षदेखि पानीपुरी र चटपटे विक्री गर्दै आएका केशव मुखिया अहिले सबैले चिन्ने सफल व्यवसायी बनेका छन् । साना बोली फुटेका केटाकेटीदेखि कपाल फुलेका बूढापाकाहरूले समेत मुखियालाई चिन्छन् ।

उनको यो परिचय कुनै नौलो काम गरेर बनेको भने होइन । केशवको परिचय चटपटे बनाउने सीपले चर्चित बनाएको हो । १२ वर्षको उमेरदेखि नै चटपटे बेच्दै आएका केशवको १२ वर्ष चटपटे घोलेरै बितिसकेको छ । त्यही चटपटे बेचेर उनले सन्धिखर्कमा लाखौं मूल्य पर्ने २ तले पक्की घरसमेत जोडेका छन् ।

दैनिक दिउँसो बेच्ने चटपटेका लागि चटपटे बनाउँदा चाहिने आवश्यक सामग्री बिहानै जुटाउनु नै केशव मुखियाको दैनिकी हो । पहिला टाउकामा चटपटेको बाकस बोकेर बजारका विभिन्न चोकमा डुलाएर बेच्ने गरेका केशव ८ >>> पृष्ठ २ मा

## कर्मचारी नेताहरूको एकै स्वर

# 'जहाँ सरकार त्यहाँ ट्रेड युनियन'

विभिन्न कर्मचारी संघसंगठनका नेताहरूले ट्रेड युनियन संवैधानिक अधिकार भएको र यो हट्ने कल्पना गर्न नसकिने बताएका हुन् बरु उनीहरूले संगठनको अझ विस्तार हुनुपर्ने प्रस्ताव गरेका छन्



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २६ पुस ।

कर्मचारीका नेताहरूले ट्रेड युनियनको दायरा फराकिलो बनाउने प्रस्ताव गरेका छन् । निजामती कर्मचारीमा ट्रेड युनियनको दायरा खुम्च्याएर एउटा मात्र आधिकारिक ट्रेड युनियन राखिनुपर्ने बहस चलिरहेका बेला कर्मचारीका नेताहरूले भने 'जहाँ सरकार, त्यहाँ ट्रेड युनियन' भन्ने स्लोगन नै प्रस्ताव गरेका छन् । अर्थात्, कर्मचारीका नेताहरूले ३ वटै तहका सरकार र जिल्लामा समेत ट्रेड युनियनको संरचना हुनुपर्ने बताएका हुन् ।

संघीय निजामती कर्मचारीसम्बन्धी विधेयक प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ । विधेयकमाथि राय लिन शुक्रबार समितिले कर्मचारी संघसंगठनका नेतृत्वलाई छलफलमा बोलाएको थियो । छलफलमा भाग लिने नेताहरूले ट्रेड युनियन अधिकार संवैधानिक अधिकार रहेको ख्याल गर्न सुझाए । >>> पृष्ठ २ मा

## दुम्कीबासको पुल भाँचियो

# हजारौं यात्री अलपत्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ पुस ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत नारायणघाट-बुटवल खण्डमा पर्ने दुम्कीबासस्थित पुल भाँचिएको छ ।

विनयी खोलामा बनेको पुल भाँचिएसँगै पूर्वी नेपालबाट पश्चिम जाने तथा पश्चिम नेपालबाट पूर्व र काठमाडौं उपत्यका आउने सडक ठप्प भएको छ ।

पूर्वी नवलपरासीमा रहेकामध्ये विनयी खोलामा बनेको यो उक्त राजमार्गको सबैभन्दा लामो पुल हो ।

क्षमताभन्दा बढी सामान बोकेको भारतीय हेभी ट्रक एन एल ०१ ए एच ५१७९ नम्बरको ट्रक पुल पार गर्न खोज्दा पुल भासिएको थियो ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले प्रहरी र चाइना स्टेट कम्पनीलाई डाइभर्सन निकाल्न भनिएको र तत्काल बाटो खुल्ने अवस्था नरहेको बताए ।

बुधबारदेखि नै दाउन्नेमा सडकको खराब अवस्थाका कारण यात्रुहरूले सास्ती खेप्नुपरेको छ । पुल भासिएपछि सो मार्ग हुँदै यात्रा गर्ने यात्रुहरूले थप सास्ती भोग्नुपरेको छ ।

शुक्रबार साँझ पुल भासिँदा राजमार्ग अवरुद्ध बनेको इलाका प्रहरी कार्यालय दुम्कीबासका प्रहरी निरीक्षक राजनप्रसाद तिम्सिनाले जानकारी दिए ।

पुल भाँचिएपछि अहिलेसम्म वैकल्पिक मार्ग व्यवस्थापन हुन सकेको छैन । राति हुँदै गएपछि तत्कालै वैकल्पिक मार्ग या डाइभर्सनको काम सम्भव नहुने अवस्था आएको छ । पुल भाँचिएपछि गन्तव्यतिर हिँडेका सयौं गाडीका हजारौं यात्रु बाटैमा रोकिएका छन् ।

वैकल्पिक सडक निर्माण नगरेसम्म राजमार्ग हुँदै पूर्व-पश्चिम हिँड्ने गाडी दाउन्ने र अरुण खोलामा रोकिएका छन् ।

अहिले उक्त राजमार्ग भएर आवतजावत गर्ने योजनामा रहेका सर्वसाधारणलाई स्थानीय प्रशासनले अर्को सूचना नआएसम्म यात्रा नथाल्न पनि भनेको छ । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विपीनका परिवारको गुनासो

# 'रिहाइका लागि सरकारको प्रयास पुगेन'

**दोधारा चाँदनी/रासस–** सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान विषयमा 'अर्न एन्ड लर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका विपीन जोशीलाई हमासले नियन्त्रणमा लिएको १५ महिना बितेको छ । छोरासँग सम्पर्क टुटेको १५ महिना भइसक्दा पनि छोराबारे कुनै खबर नआउँदा जोशी परिवारका आँखा ओभाएका छैनन् ।

पढाइसँगै कमाइ गर्न इजरायल पुगेका विपीनसँग सम्पर्क टुटेदेखि बुबा महानन्द, आमा पद्मा र बहिनी पुष्पा विरक्त छन् । मोबाइलमा समाचार हेर्दै विपीनको सुखद् खबरको आशामा दिन बित्न थालेका छन् ।



छोराको अवस्थाबारे बेखबर विपीनका बुबाआमाले भीमदत्त नगरपालिका- ३ स्थित आफ्नै निवासमा विपीनको सकुशल रिहाइको कामना गरिरहेका छन् । जोशी परिवार विपीनको सकुशल घर फिर्तीको पर्खाइमा छ ।

'छोरा आउने आशामा १५ महिना बितिसके, मेरो छोरा विपीनलाई सकुशल कहिले ल्याइदिने हो सरकार ?', विपीनकी आमा पद्माले भनिन्, 'मेरो छोरालाई सकुशल घर ल्याउन सरकारले पहल गरिदेओस् ।'

जोशी परिवारले छोराको रिहाइका लागि सरकारसँग अनुनय गरिरहेको छ । मन्त्री, परराष्ट्रमन्त्री, प्रधानमन्त्री, राजदूत सबैलाई भेटेर विपीनको रिहाइका लागि अनुनय गरिसकेका छन् ।

हमासले ३४ जना बन्दी छाड्ने खबरले आमाबुबाको मलिन अनुहारमा थोरै भए पनि खुसीका रेखा देखापरे । तर, जब त्यो सूचीमा छोरा विपीनको नाम छैन भन्ने समाचार आयो, अनुहार निन्याउरा भए । 'अहिलेसम्म अन्य देशका नागरिक धेरै छुटिसके', आमा पद्माले भनिन्, 'अब छुट्ला, अब >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ पुस २०८१ शनिबार
11 January 2025, Saturday

# हस्तकला क्षेत्र सधैं सरकारको प्राथमिकतामा : प्रधानमन्त्री

**ललितपुर/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी र निर्यात वृद्धिमा योगदान दिने हस्तकला क्षेत्र सधैं सरकारको प्राथमिकतामा रहने बताएका छन् ।

नेपाल हस्तकला महासंघको ४४औं वार्षिक साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा रोजगारी, उत्पादन, उद्यमशीलता, आत्मविश्वास र निर्यात बढाउने क्षेत्र भएकाले यसका लागि सरकारले गर्नुपर्ने काममा लागि आफूहरुले सक्दो पहल गर्ने विश्वास दिलाए ।

प्रधानमन्त्री ओलीले कला र संस्कृतिमा नेपाल धनी भएको सन्दर्भमा हस्तकला क्षेत्र कहिल्यै विस्थापित नहुने बताउँदै बजारका सामान भन्दा आफैंले मिहिनेत गरेर फलाएका खाना र बनाएका सामान प्रयोग वृद्धिका लागि आग्रह गरे ।

'हाम्रो देश कलाका लागि प्रसिद्ध देश हो । यहाँका विशेषता र कला अमूल्य छ । यिनमा हाम्रा दृष्टिकोण र कला सजिएका हुन्छन्,' प्रधानमन्त्री ओलीले भने,'हस्तकलाले महिलाको रोजगारी र सीप विकासका साथै सामाजिक उत्थानमा पनि मद्धत गरेको छ । यस क्षेत्रबाट उत्पादित सामान निर्यातका लागि लागौं, म यसका विभिन्न विधाको विकासका लागि के के गर्नुपर्छ भन्नेबारे महासंघलाई बोलाएर छलफल गर्छु । त्यसका आधारमा हामी थप काम गर्नेछौं ।'



महासंघका अध्यक्ष प्रचण्ड शाक्यले सरकारले सार्वजनिक निकायहरुमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर्ने सम्बन्धी निर्देशिका जारी गरेकामा स्वागत गर्दै यसको प्रभावकारी कार्यान्वयमा जोड दिए ।

उनले निर्यातवृद्धि र सहजीकरणका लागि विभिन्न बुँदमा प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराए ।

हस्तकला क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्षरुपमा ११ लाख रोजगारी सिर्जना गरेको छ भने यसले करिब रु ११ अरब मूल्यको निकासी र सोही रकम बराबरको आन्तरिक कारोबार गरेको जनाइएको छ । कार्यक्रमममा उत्कृष्ट निर्यातकर्ता र योगदानर्तालाई सम्मान गरिएको थियो ।

**प्रधानमन्त्रीलाई खानेपानी मन्त्रालयको 'ब्रिफिङ'**

प्रधानमन्त्री केपी शर्मा ओलीले खानेपानी मन्त्रालयका सुधारका काम र भावी योजनाबारे 'ब्रिफिङ' लिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको छलफलमा खानेपानीमन्त्री प्रदीप यादव र सचिव प्रमिलादेवी बज्राचार्यले मन्त्रालयको हालको अवस्था, प्रगति, कार्यान्वयनमा देखिएका चुनौती र भावी योजनाको विषयमा अवगत गराएका थिए । छलफलमा मेलम्ची खानेपानी आयोजनाको कार्यान्वयन अवस्था, हालका प्रगति र आयोजना कार्यान्वयन निर्देशनालयमार्फत भइरहेका अन्य परियोजनाको प्रगतिबारे जानकारी गराइएको थियो । मन्त्रालयले जलवायु परिवर्तनले खानेपानीको स्रोतहरूमा पारेको असरलाई सम्बोधन गर्दै वातावरणमैत्री र दिगो योजना निर्माणमा मन्त्रालयको ध्यान केन्द्रित भएकाले आवश्यक बजेट सुनिश्चितताका लागि माग गरेको छ ।

सो क्रममा प्रधानमन्त्री ओलीले जनताले शुद्ध, सुलभ र सहजरूपमा खानेपाली पाउने वातावरण निर्माणमा लाग्न तथा सम्बन्धित मन्त्रालय र निकायसँग आवश्यक समन्वय गरी कामलाई गति दिन निर्देशन दिए । मन्त्री यादवले ग्रामीण तथा सहरी क्षेत्रका खानेपानी योजनालाई तीव्रता दिँदै सन् २०३० सम्म देशभरका नागरिकलाई शुद्ध खानेपानी पुऱ्याउने लक्ष्यमा केन्द्रित भई कार्यहरू भइरहेको बताए ।

## प्रधानमन्त्रीको...

एमालेका केन्द्रीय सदस्य विष्णु रिजाल २ पार्टीका अध्यक्षहरूबीच उच्चस्तरको समझदारी रहेको र २ पार्टीका बीचमा उच्चस्तरीय राजनीतिक संयन्त्र रहेको बताउँछन् ।

यहीँनेर उनी भन्छन्, 'तर, कांग्रेसका केही जिम्मेवार साथीहरूले एमालेका बारेमा बीचबीचमा झ्यारझ्यार गरिरहेको त्यति श्रवणीय छैन ।'

व्यवसायी मीनबहादुर गुरुङले एमालेले पार्टी कार्यालय बनाउन जग्गा दिएको विषयमा कांग्रेसका नेताहरूले विरोध गरेकामा पनि रिजालले विरोध गरेका छन् । आफ्नो पार्टीको विधानअनुसार अनुशासनका विषयमा निर्णय गर्दा पनि कांग्रेसले विरोध गरेको भनेर उनले अन्तुष्टि जनाएका छन् ।

सरकारका प्रवक्तासमेत रहेका संचार तथा सूचना, प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ भने संविधान संशोधन गर्ने गृहकार्यमा सरकार रहेको बताउँछन् ।

शुक्रबार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनले भनेका छन्, 'संविधान संशोधन हुन्छ, गर्छ, गर्ने हो किनभने हाम्रो ७ बुँदे राजनीतिक सहमतिमा पनि यही कुरा थियो ।'

## छलफलमा...

बनाउने विषयमा पनि २ नेताबीच छलफल भएको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने तयारी गरेको बेलामा अध्यक्ष नेपालको सक्रियतामा यी भेटवार्ता भएको बताइन्छ ।

त्यसै सन्दर्भमा शुक्रबार पनि २ नेताबीच भेटवार्ता भएको छ । सिंहदरबारस्थित माओवादीको संसदीय दलको कार्यालयमा भएको भेटमा जनता समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठ पनि सहभागी थिए ।

उनी बाहिरिएपछि राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन मिसिएका थिए । भेटवार्तामा नेताहरूबीच भएको कुराकानी खुलाइएको छैन । तर, सत्ता साझेदार दल कांग्रेस र एमालेमा खटपट पैदा भएको भन्ने हल्लाकै बीचमा यसरी विपक्षी दलका नेताहरू तारन्तार भेट्नुलाई भने अर्थपूर्ण रूपमा हेरिएको छ ।

राप्रपा प्रचार विभाग प्रमुख मोहन श्रेष्ठका अनुसार पृथ्वी जयन्तीको अवसरमा आयोजित पार्टीको चियापान समारोहको निम्तो दिन लिङ्देनले प्रचण्ड र नेपाललाई भेट गरेका हुन् ।

नेपालको शंका : संसद् भंग गर्छन् कि !

३ नेताको भेटपछि अध्यक्ष प्रचण्डले अप्राकृतिक ढंगले बनेको ओली सरकार अब नरहने प्रतिक्रिया दिएका छन् । ३ नेताको भेटपछि सिंहदरबारबाट बाहिरिने क्रममा यो सरकार फेल हुने बेला भइसकेको हो ? भन्ने संचारकर्मीको जिज्ञासामा अध्यक्ष प्रचण्डले भने, 'यो गठबन्धन अप्राकृतिक, अलोकतान्त्रिक, अपारदर्शी छ भन्ने कुरा गम्भीर रूपले सदनमा भनेको सुन्नुभएकै छ, अप्राकृतिक भएकाले अब यो चल्दैन ।'

नेकपा एसका अध्यक्ष नेपालले भने ओलीले २०८७ सालसम्म कार्यकाल लम्ब्याउने र चुनाव नगराउने खेल खेल्न सक्ने आशंका गरे । '२०८७ सम्म बस्ने उहाँको चाहना होला । हेरौं, २०८७ सम्म चुनावै नगरीकन बस्ने हो कि ! त्यसलाई पनि मान्छेले प्रश्न उठाएका छन् । संसद् नै भंग गर्ने मान्छेहरू हुन्, ठेलेको ठेल्यै गरेर अझै ६ वर्ष बसौंला भन्ने सोच्नुभएको छ कि !', उनले भने ।

## पानीपुरी...

वर्षदेखि ठेला बनाएर चटपटे बेच्दै आएको बताउँछन् ।

केशवले बनाएको चटपटे खाँदै आएका सन्धिखर्क आसपासका युवापुस्ता र स्कुले केटाकेटी चटपटेको कुरा गर्नेबित्तिकै केशवलाई सम्झन्छन् । केशवले चटपटे मात्र बेचेका छैनन्, त्यही चटपटेको व्यापारबाट सन्धिखर्कमा ४ आना जग्गामा बनेको २ तले घरसमेत जोडेका छन् ।

केशव भन्छन्, 'गरेपछि के हुँदैन भन्ने कुरा प्रमाणित गरेको छु ।' सानो व्यवसाय भनेर हेला गर्न नहुने र निरन्तर लागिरहे त्यहींबाट जीवनलाई सफल बनाउन सकिने बताउँदै चटपटे बेचेरै घरमा रहेका ४ जना परिवारसमेत पालेको उनी बताउँछन् ।

'५० लाख पर्ने २ तले पक्का घर बनाएको छु । मेरो अहिलेसम्मको आम्दानीको स्रोत भनेकै त्यही चटपटे बेचेर आउने रकम नै हो । दैनिक २ हजारदेखि ४ हजारको व्यापार गरेको छु ।' नाफा पनि खर्च कटाएर १५ सय, २ हजार हुने उनी बताउँछन् ।

केशवलाई चटपटे व्यापारको सुरुवाती दिनमा यसबाट आम्दानी गरेर घर जग्गा जोड्छु भन्ने विश्वास लागेको थिएन तर निरन्तर रूपमा लगनशील भएर लागिपरे चटपटे व्यापार जस्तो सानो व्यवसाय गर्दा पनि सफलता हात पर्ने अनुभव उनले लिए । उनी सामाजिक संजाल टिकटक र फेसवुकमा समेत भाइरल छन् ।

केशवले मध्यान्हसँग भने, 'सँगै पढेका साथी पैसा कमाउनकै लागि घर परिवारबाट टाढा भएर वर्षौं अर्काको मुलुकमा पसिना बगाउँदै छन् तर म परिवारकै साथमा रहेर सानै पेसा गरेर पनि सन्तुष्ट छु । विदेशमा वर्षौंदेखि बस्ने साथीभाइले पनि त्यही घर जग्गा जोडे, मैले पनि पानीपुरी र चटपटे व्यवसायको आम्दानीले थोरै भए पनि घर जग्गा जोडेको छु ।'

सन्धिखर्क चोकमा ठेला लिएर बस्ने गरेका केशवको ठेलामा हेर्दा खास सामग्री केही देखिँदैन । सामान्य भुजा, चना, भुजिया, मटर, भटमास, मसला, नुन, खोर्सानी, टमाटर, कागतीलगायतका सामग्रीलाई नै मिसाएर चटपटे बनाएर अर्घाखाँचीका बासिन्दालाई चटक्क मुख मिठ्याउने पिरो चटपटे बनाएर सेवा दिन्छन् उनी ।

त्यसो त चोकमा ठेला लिएर चटपटे बेच्नेको संख्या कम छैन । हँसिला र मिजासिला केशवले चटपटेका पारखीहरू लोभ्याउने चटपटे बनाउने भएकैले उनकोमा चटपटे खान सधैं आउने गरेको पाणिनि गाउँपालिका-१ का नारायण पोखेलले बताए । पोखेलले भने, 'केशव भाइको चटपटेमा सबै सामग्री सन्तुलन मिलाएर हाल्ने हुँदा चट्ट परेको चटपटे बनाउने भएकैले उनकोमा बढी भीड लाग्ने गरेको हो ।'

दैनिक ७०० को सामान हाल्दा १ हजार ५०० देखि झन्डै ३ हजारसम्म आम्दानी गर्ने गरेका उनीलाई पछिल्लो समय सबैथोकको महँगी बढ्दै गएकाले अहिले पहिलाको जस्तो चटपटेमा फाइदा नहुने गरेको मुखियाले बताए । 'चटपटेमा पहिला जस्तो नाफा छैन । अहिले रोजीरोटी मात्रै बस्ने गरेको छ तर पनि व्यवसाय निरन्तर रूपमा गर्दै आएको छु', केशव भन्छन् ।

उनको परिवारलाई गाउँघरमा 'चटपटेको परिवार' भनेर चिनिन्छ । केशवकी आमा पनि चटपटे बेच्दै आएकी थिइन् । अहिले भने व्यापार छाडेकी छन् ।

## जहाँ ...

दलीय ट्रेड युनियन नभनी राष्ट्रिय स्तरको ट्रेड युनियन भन्न पनि उनीहरूको आग्रह छ । सत्तारूढ दल नेपाली कांग्रेस निकट नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष गोपाल पोखरेलले कर्मचारीले गलत गरेको रहेछ भने गलत गरेको हदसम्म कारबाही भोग्नुपर्ने बताए । गलत गरेकालाई कारबाही हुनुपर्छ भन्नेमा आफूहरू प्रस्ट रहेको उल्लेख गर्दै उनले यसलाई देखाएर ट्रेड युनियन अधिकारबारे बहस नगर्न आग्रह गरे ।

'ट्रेड युनियन अधिकार एक इन्च पनि तलमाथि गर्न सकिँदैन । अन्यथा, हामीसँग बन्द हडतालसहितको अधिकार छ । यतातिर पुग्न नपरोस्', अध्यक्ष पोखरेलले भने ।

संवैधानिक अधिकार खोस्ने बहस नगर्न उनको आग्रह छ । 'दलीय ट्रेड युनियन भनेर जे बहस गर्नुभएको छ, यो बेमौसमको बाजा हो । ट्रेड युनियन संवैधानिक अधिकार भएकाले कतै यस्तो बहस संविधानको बर्खिलाप छ कि !', सांसदहरूलाई यस विषयमा ख्याल गर्न अध्यक्ष पोखरेलको आग्रह छ । नेकपा एमाले निकट नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष लेखनाथ कोइरालाले ट्रेड युनियन अधिकार अहिले जे छ, त्यसले नै निरन्तरता पाउनुपर्ने बताए । विगतमा राजनीतिक आन्दोलनमा समेत कर्मचारीको सहभागिता रहेको स्मरण गर्दै उनले भने, 'ट्रेड युनियन अधिकार खारेज गर्ने बहस नगरेकै राम्रो हुन्छ ।'

तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले नै कर्मचारी ट्रेड युनियनलाई बन्द हडतालसम्मको अधिकार रहेको बताएको उनले स्मरण गरे । उनले पनि समितिको बैठकमा चेतावनी दिँदै भने, 'हामी चाहन्छौं- बन्द हडतालसम्म पुग्न नपरोस् ।'

नेकपा (माओवादी केन्द्र) निकट नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष अम्बादत्त भट्टले कर्मचारी सरुवालाई लिएर कर्मचारी ट्रेड युनियनको बदनाम हुने गरेको गुनासो गरे । तर, यसको कारण अन्तै रहेको भन्ने बुझ्न आवश्यक रहेको उनको भनाइ छ ।

कर्मचारी ट्रेड युनियनलाई सुशासनसँग समेत जोडेर टिप्पणी हुने गरेको भनेर उनले असन्तुष्टि जनाए । 'सुशासन कायम हुन्छ भनेर यसको जिम्मा कसले लिन्छ ? कसैले लिन्छ भने हामी ट्रेड युनियन खारेज गर्ने बहस गर्न तयार छौं', उनले भने ।

ट्रेड युनियनलाई व्यवस्थित गर्न सकिने तर आफ्नो हक हितका लागि कर्मचारीले ट्रेड युनियन रहनै नपाउने भन्न नमिल्ने उनको तर्क छ ।

## हजारौं...

प्रहरी निरीक्षक तिर्मिसिनाका अनुसार पुल भासिएपछि बाटो पूर्ण रूपमा अवरुद्ध भएको छ । वैकल्पिक बाटो बनाएर यातायात संचालन गर्ने तयारी भइरहेको उनले बताए । 'केही समय लाग्छ । हामी विकल्प खोज्दै छौं', उनले भने । नवलपुरका प्रमुख जिल्ला अधिकारी पोखरेलले वैकल्पिक बाटो निर्माण गर्नुपर्ने भएकाले सडक संचालन हुन केही समय लाग्ने बताए । सडक डिभिजनको टोली पुगेर वैकल्पिक बाटोको सम्भाव्यता खोजिरहेको उनको भनाइ छ ।

## रिहाइका...

छुट्ला भन्दाभन्दै आशामै डेढ वर्ष बितिसके ।' त्यहाँ पुगेको १ महिनामै हमास समूहले आक्रमण गरेको थियो । हमासको आक्रमणमा परी १० नेपाली विद्यार्थीको ज्यान गएको थियो । 'अरू देशका नागरिक बेलाबेला छुटिरहेका छन्, हाम्रो सरकारको पहल पुगेन कि ?', विपीनका बुबा महानन्दले भने, 'मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिसम्म सबैलाई भेटेर छोराको रिहाइका लागि अनुनय गरिसक्यौं ।' उनले सबैबाट 'पहल गरिरहेका छौं'बाहेकको जबाफ नआएको बताए । 'जसरी हुन्छ, सरकारले छोरोको रिहाइलाई पहल गरिदिनुपऱ्यो', जोशीले भने, 'सरकारले कतारसँग कूटनीतिक पहल गरिदिए छोराको रिहाइ हुन्थ्यो कि !'

गत कात्तिकमा प्रधानमन्त्री, गृहमन्त्री र परराष्ट्रमन्त्रीलाई पनि भेटेका जोशी परिवारले विपीनको रिहाइका लागि आग्रह गरिसकेका छन् । कतारका राजा आमिर तमिमबिन हमाद अल थानी नेपाल भ्रमणमा आउनुअघि पनि विपीनका परिवारले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर रिहाइका लागि पहल गरिदिने आग्रह गरेका थिए ।

'जसले बढी पहल गऱ्यो, उसले पनि त्यही देशका नागरिक पहिला रिहा गर्ने हो', बुबा महानन्दले भने, 'नेपाल सरकारले कतारसँगै बढी पहल गर्नुपर्छ ।'

गत सोमबार मात्र विपीनका परिवार र आफन्तले विपीनको तस्बिर सामाजिक संजालमा राख्दै जन्मदिनको शुभकामना दिँदै सकुशल रिहाइका लागि अनुनय गरेका छन् । परिवारका सदस्यले सरकारका तर्फबाट कूटनीतिक पहल हुन नसकेको भन्दै विपीनको रिहाइका लागि सरकारसँग आग्रह गरेका छन् ।

'अहिले पनि विपीन सकुशल फर्केर आउनेमा पूरा विश्वास छ', विपीनका दाजु किशोर जोशीले भने, 'सरकारले पहल गरिदियो भने चाँडै आउने थियो तर सरकारको पहल पुगेन कि भन्ने महसुस भएको छ ।'

उनले अन्य मुलुकले आफ्ना देशका नागरिकलाई रिहाइ गरिसक्दा नेपालले १ जना नागरिकसमेत रिहा गर्न नसकेको बताए । उनले भने, 'हामीले भेट्न बाँकी मन्त्री, प्रधानमन्त्री कोही छैन, सबैले प्रयास भइरहेको छ भन्नुहुन्छ । युद्धबिराम हुँदा अन्य देशका नागरिक छुट्दै छन्, हाम्रोचाहिँ पहल नै पुगेन जस्तो लागेको छ ।'

केही दिनअघि इजरायल र हमासबीच युद्धबिराम हुने खबर आएपछि विपीनको परिवार उनको रिहा हुने आशामा थियो । तर, हमासले रिहा गर्ने ३४ जनाको सूचीमा विपीनको नाम समावेश नभएको खबर पाएपछि परिवार विरक्त छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१२/१२ मा दर्ता भएको **प्रा.लि. नं. २६११९७** को **टी फाइभ इन्भेष्टमेन्ट प्रा.लि.** को मिति २०८१/०९/२१ गतेमा सम्पन्न एकल शेयरधनी विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

# तेह्रथुम सेवा समाज कतारको नेतृत्वमा उप्रेती



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २६ पुस

तेह्रथुम सेवा समाज कतारको चौथो अधिवेशन नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ । शुक्रबार आयोजित अधिवेशनमार्फत महेन्द्र प्रसाद उप्रेतीको नेतृत्वमा सर्वसहमतिमा नयाँ कार्यसमिति चयन भएको हो ।

प्रथम उपाध्यक्षमा लोक बहादुर जोगी, द्धितीय उपाध्यक्षमा अनिल रम्तेल, तृतीय उपाध्यक्षमा दुर्गा खत्री, महासचिवमा आरके घायल अधिकारी, सचिवद्वयमा बाबुराम आचार्य र अरुण तिगेला, कोषाध्यक्षमा निशा लिम्बू र सहकोषाध्यक्षमा खगेन्द्र जोगी चयन भएका छन् । यस्तै सदस्यहरूमा बिमन लिम्बू, धनबहादुर नेपाली, नवीन जोगी, धनवीर जोगी, पवित्रा जोगी, दुर्गामाया जोगी, सूर्य जोगी, प्रशान्त भण्डारी, लालबहादुर विष्ट र हिरालाल नेपाली रहेका छन् ।

अधिवेशनका प्रमुख अतिथि गैरआवासिय नेपाली संघ (एनआरएनए एनसीसी) कतारका अध्यक्ष रमेश भट्टले सर्वसम्मत चयन भएको नयाँ कार्यसमितिको नामावली घोषणा गर्दै पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए । समाजका अध्यक्ष सन्तोष खड्काको सभाध्यक्षतामा सम्पन्न अधिवेशनमा प्रमुख अतिथि भट्टले कार्यक्रममा आसन ग्रहण गर्ने अनि भाषण गर्ने र हिंड्ने व्यक्तिहरूलाई स्थान दिनु समयको बर्बादी मात्र भएको भन्दै

कार्यक्रमलाई खल्लो समेत बनाउने हुँदा आयोजक सचेत हुनुपर्ने बताए । भट्टले कार्यक्रममा सामाजिक सुरक्षाकोष, श्रम नवीकरण लगायतका विषयमा पनि बोल्ने खास वक्ताहरू आयोजकले राख्न सके कार्यक्रम थप फलदायी बन्ने र यसले सामाजिक चेतनाको स्तर वृद्धि हुने बताए । उनले समाजले राम्रा काम गरेको र नयाँ बन्ने कार्यसमितिले पनि एनसीसीसँग समन्वय गरेर अगाडि बढ्न आग्रह गर्दै शुभकामना दिए ।

अधिवेशनमा साहित्यकारले आफ्ना रचना वाचन गरेका थिए भने विभिन्न कलाकारहरूले सांगितिक प्रस्तुती दिएका थिए । समाजका उपाध्यक्ष महेन्द्र उप्रेतीले संस्थागत कार्य तथा आर्थिक प्रगती विवरण पेस गर्दै कार्यकाल भरी ३६ हजार ६ सय ३७ रियालको कारोबार गरेको जानकारी दिए । उनले समाजले कार्यकाल भरी ३४ हजार ३ सय १ रियाल खर्चंदै २ हजार ३ सय ३६ रियाल समाजको कोषमा बचत रहेको जानकारी दिए । दुर्गा खत्रीले स्वागत मन्तव्य राखेको अधिवेशनलाई अनिल रम्तेलले सहजीकरण गरेका थिए ।

कतारमा स्थापित विभिन्न संघसस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको कार्यक्रममा पत्रकार, कलाकार सामाजिक व्यक्तित्वसहित प्रमुख अतिथिलाई सम्मान गरिएको थियो । अधिवेशनको समापन गर्दै सभाध्यक्ष खड्काले आफूले सन् २०१६ मा संस्थालाई पुनर्गठन गर्दै नेतृत्व लिएसँगै आफू दोहोरिएर नेतृत्वमा रहेपनि विशुद्ध समाजसेवा बाहेक आफूसँग अर्को स्वार्थ नरहेको स्पष्ट पारे । उनले हलमा उपस्थित सबैलाई लाली गुराँसको जिल्ला तेह्रथुमको एक पटक भ्रमण गर्न आग्रह गर्दै अधिवेशनको समापन गरेका थिए ।

# पोल्यान्ड पठाइदिने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि पोल्यान्ड पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले १ जनालाई पक्राउ गरेको छ । मोरङ उर्लाबारी नमुना टोलकी भूमिका देवानले १ जनालाई वैदेशिक रोजगारीमा पोल्यान्ड पठाउने भन्दै १ लाख रुपैयाँ लिई लामो समयसम्म झुक्याएर राखेपछि विदेश नपठाई सम्पर्कविहीन भएको उजुरी परेको थियो ।

प्रहरीले ललितपुरको सुनाकोठीबाट देवानलाई पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको बताएको छ ।

यसअघि वैदेशिक रोजगारीमा पोल्यान्ड पठाउने भन्दै ८० लाख रुपैयाँभन्दा बढी ठगी गरेको उजुरीका आधारमा प्रहरीले सप्तरीको विष्णुपुर गाउँपालिकाका कृष्ण यदुवंशी र गोरखाको सुलिकोटका ३७ वर्षीय राजेश बरामलाई पनि पक्राउ गरेको थियो ।

**कुबेतमा रोजगार**

कम्पनी: MODEL FACTORY COMPANY FOR CARPENTRY WORKS — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०९/२६ — चलानी नं.: ६०२३११९५ — L.T. No.: 316996

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner (Indoor) | 0 | 5 | सम्बन्धित काममा दक्ष | 90 | ३९,९९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Cleaner(Basic) | 5 | 0 | | 90 | ३९,९९९ | | | | | | | |
| 3. | Office Girls | 0 | 5 | | 100 | ४४,४४३ | | | | | | | |
| 4. | Receptionist (Female) | 0 | 2 | | 135 | ५९,९९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ५ गते (18 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713

**साउदीमा रोजगार**

कम्पनी: Technical Construction Services Company for Equipment — शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८१/०९/२५ — चलानी नं.: ६०२३११९१ — LT. No.: 316955

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1700 | ६२,०६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ५ गते (18 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES — License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

**युएईमा रोजगार**

कम्पनी: BRIGHTFIX TECHNICAL SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति :२०८१/०९/२६ — चलानी नं. ६०२३११९८ — LT. No.:317004

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 3. | Electical Techinicial | 1 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 4. | Plumber Helper | 1 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 5. | Tile Layer. | 1 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |

कम्पनी: EMCORE ELECTROMACHANICAL CONTRACTING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति :२०८१/०९/२६ — चलानी नं. ६०२३११९६ — LT. No.:317005

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper Electrician | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Man | 4 | 0 | | 1500 | ५५,९८० | | | | | | | |
| 3. | Welder Tech. | 9 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |

कम्पनी: TIME CONTROL TECHNICAL WORKS LLC — शहर: UAE
पूर्व स्वीकृत मिति :२०८१/०९/२६ — चलानी नं. ६०२३११९७ — LT. No.:317006

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason (Plastering/tile Fixing) | 5 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |
| 3. | Plumber | 7 | 0 | | 1200 | ४४,७८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ५ गते (18 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Concept Placement Resource Pvt. Ltd.
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247, 9801186314.
9801186314, 9802368314, Email:inquiry@cpr.com.np, Website:www.cpr.com.np
Gov. Lic. No. 1636/080/081

### सुप्रिम सहकारी रकम अपचलन प्रकरण

# अनुसन्धान प्रतिवेदन तयार, १ अर्ब १२ करोड बिगो माग



**भैरहवा/मस–** बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको रकम अपचलन प्रकरणको अनुसन्धान प्रतिवेदन रुपन्देही प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयलाई बुझाएको छ ।

इलाका प्रहरी कार्यालय बुटवलले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्ध निर्देशक रवि लामिछाने, पूर्वडीआइजी छविलाल जोशीसहित १४ जनाविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउनुपर्ने रायसहित अनुसन्धान प्रतिवेदन बुझाएको हो । सुप्रिम सहकारीको रकम अपचलन सम्बन्धमा शुक्रबार जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाइएको रुपन्देहीका प्रहरी निरीक्षक रञ्जितसिंह राठौरले जानकारी दिए ।

जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीका प्रमुख प्रेमराज पौडेलले प्रतिवेदनको अध्ययन भइरहेको र उपयुक्त निर्णयका लागि छलफल भइरहेको जानकारी दिए ।

सहकारीको रकम अपचलन सम्बन्धमा यसअघि लामिछाने गृहमन्त्री भएको बेला १ हजार ८३१ जना बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ अपचलन गरेको दाबी २८ जनाविरुद्ध मुद्दा दायर भएको थियो । सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दाको विभिन्न दफाअनुसार जेल सजाए र प्रतिवादीहरूसँग १ अर्ब १२ करोड रुपैयाँ बिगो मागदाबी गर्नुपर्ने रायसमेत प्रतिवेदनमा समेटिएको छ ।

अनुसन्धान प्रतिवेदन अनुसार लामिछानेको व्यक्तिगत रूपमा २ करोड र गोर्खा मिडियाको नाममा सामूहिक रूपमा २ करोड १५ लाख २८ हजार गरी कुल ४ करोड १५ लाख २८ हजार बिगो मागदाबी गरिएको छ । पूर्वडीआइजी जोशीमाथि व्यक्तिगत २ करोड ५० लाख र मिडियाको नाममा सामूहिक रूपमा १ करोड ७७ लाख ८८ हजार गरी कुल ४ करोड २७ लाख ७८ हजार बिगो दाबी गरिएको छ । सुप्रिम सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङमाथि ४ करोड ९६ लाख ८ हजार बिगोको दाबी छ ।

पोखराको सूर्यदर्शन सहकारीको रकम ठगीको अभियोगमा पोखरा प्रहरी नियन्त्रणमा रहेका लामिछाने ६५ लाख रुपैयाँ धरौटी बुझाएर बिहीवार रिहा भएका हुन् । त्यसलग्त्तै शुक्रबार इलाका प्रहरी कार्यालय बुटवलले रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयलाई बुझाएको हो ।

कास्की प्रहरीको नियन्त्रणमा रहेका लामिछानेलाई २७ कात्तिकमा भैरहवा ल्याएर सुप्रिम सहकारी रकम अपचलनका सम्बन्धमा साढे २३ घण्टा बयान लिइएको थियो । जसमा उनले इन्कारी बयान दिएका थिए । कास्की अदालतमा धरौटीमा छाड्ने आदेशपछि प्रहरीले पहिले रूपन्देही वा काठमाडौं कहाँ लैजाने भन्ने विषयमा पनि आन्तरिक छलफल गरिसकेको थियो । तर, काठमाडौं अदालतमा हाजिर हुने भनेपछि रूपन्देही ल्याउने विषय तत्कालका लागि रोकिएको छ ।

# ‘रवि लामिछानेलाई संसद् बैठकमा जान रोक्न मिल्दैन’



**काठमाडौं/मस–** वरिष्ठ अधिवक्ता डा. गान्धी पण्डितले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सांसद पद निलम्बित नहुने बताएका छन् ।

काठमाडौंमा शुक्रवार आयोजित साक्षात्कार कार्यक्रममा उनले लामिछानेलाई संसद् बैठकमा जान कानुनले नरोक्ने स्पष्ट पारे ।

प्रतिनिधि सभा नियमावली-२०७९ अनुसार उनलाई बैठकमा जान कुनै रोकछेक नरहेको उनले बताए । सांसदहरूको हकमा सम्पत्तिशुद्धीकरण ऐनभन्दा पहिला प्रतिनिधि सभा नियमावली आकर्षित हुने बताउँदै उनले लामिछाने धरौटीमा रिहा भएको अवस्थामा संसद् बैठकमा जान पाउने बताए ।

‘संविधानको धारा १०३ अनुसार संसद्ले जारी गरेको प्रतिनिधि सभा नियमावली २०७९ मा सांसदहरूलाई हक अधिकार दिनका लागि आएको हो,’ उनले भने, ‘थुनामा नबसी फरार भएर समातिएको रहेछ भने त्यो अवस्थामा उसको सांसद पद निलम्बित हुन्छ । धरौटीमा बसेको अवस्थामा निलम्बन हुँदैन भनेर बोलेको छ । यो नियमावलीको २४८ ले उहाँको पद निलम्बन हुँदैन,’ पण्डितले भने ।

उनले लामिछानेलाई संसद् अधिवेशन सुरु भएपछि संसद्मा जान आग्रह गरे । लामिछानेलाई संसद बैठकमा जान नदिएको खण्डमा त्यसको विरुद्धमा अदालत जान पाउने उनले बताए । संसद अधिवेशन सम्पत्ति शुद्धीकरण ऐन भन्दापनि संसदले बनाएको नियमावलीलाई टेकेर अगाडि बढाउनुपर्ने उनको भनाइ छ ।

साथै, उनले कास्की जिल्ला अदालतको फैसलालाई हार र जीतको रूपमा लिन नहुने बताए । ‘रवि लामिछानेले हारेको पनि होइन, जितेको पनि होइन । हार र जीत कुन सन्दर्भमा भने थुनामा राख्छ कि राख्दैन ? थुनामा राखेर मुद्दाको पुर्पक्ष गराउँछ कि तारेखमा राखेर मुद्दाको पुर्पक्ष गराउने भन्ने सन्दर्भसम्म मात्र हार वा जीत भनेको होला,’उनले भने ।

साथै, संविधानले नै कुनै पनि व्यक्तिलाई अभियोग लाग्दैमा उ दोषी हो भनेर भन्न नसकिने पनि उनले बताए । संविधानको धारा २० (५) ले उक्त व्यवस्था गरेको भन्दै लामिछानेलाई अदालतले धरौटी मागेको आधारमा उनलाई दोषी हुन् भन्न नसकिने उनको भनाइ छ । मुद्दाको अन्तिम फैसलाले मात्रै लामिछानेलाई कसुरदार वा निर्दोष करार गर्ने उनले बताए ।

लामिछानेको सन्दर्भमा कास्की अदालतको आदेश चित्त नबुझेमा सरकारी पक्ष उच्च अदालत जान पाउने उनले बताए । ‘रवि लामिछानेको आदेश अन्तिम होइन । सरकारलाई चित्त बुझेको छैन । लामिछानेलाई थुनामै राखेर पुर्पक्ष गराउनुपर्छ भन्ने लागेको छ भने उच्च अदालतमा निवेदन दिन सकिन्छ,’ उनले भने ।

# जनतालाई सुरक्षित महसुस गराउन डीआईजी कार्कीको निर्देशन



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ पुस

लुम्बिनी प्रदेश प्रहरी प्रमुख (डीआइजी) दानबहादुर कार्कीले कानूनको विवेक प्रयोग गरी उत्कृष्ट कार्य सम्पादन गर्न जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् । लुम्बिनी प्रदेश प्रहरी प्रमुखको रुपमा कमान्ड सम्हालेपछि जिल्लाहरुको शान्ति, सुरक्षाको अवस्था बुझ्न अर्घाखाँची गुल्मी पुगेका कार्कीले प्रहरी जनशक्तिको व्यवस्थापन र आगामी दिनमा आइपर्ने सुरक्षा चुनौतीको पहिचान गरी शान्ति सुरक्षाको अवस्थालाई थप चुस्तदुस्त बनाउने विषयमा जिल्लाका सुरक्षा अधिकारीसँग भेटघाट गरेका थिए ।

छलफलमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँची मातहतका ईलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालयका प्रमुख चक्रबहादुर मल्ल लगायतका सुरक्षा अधिकारीको सहभागिता थियो ।

डीआइजी कार्कीले प्रहरीले शान्ति सुरक्षा दिँदा व्यवसायिकतालाई अझै सुदृढ बनाइ प्रहरी कर्मचारीबीच समन्वय गरेर काम गर्न आवश्यक रहेकाले सोही अनुसार जनताले महसुस गर्ने गरी जनताले सुरक्षित भएको महसुस दिनेगरी काम गर्न आग्रह गरेका थिए ।

कार्कीले भने, ‘लक्षित वर्ग पहिचान गरी घरेलु हिंसा, लागुऔषध न्यूनीकरण, साइबर अपराध, सडक सुरक्षा जस्ता विषयमा नागरिकहरुको सकारात्मक धारणाको विकास गराउन सचेतना कार्यक्रम गर्नुपर्छ ।’त्यसका लागि स्थानीय सरकारसँग समन्वय गरेर काम गर्न उनले निर्देशन दिए । समाजको शान्ति सुरक्षामा प्रहरीको उपस्थिति देखिने गरी ग्रामीण र सहरी गस्तीलाई बढाउन निर्देशन दिएको र जिल्ला प्रहरी कार्यालयको सबै फाँटहरु, ब्यारेक, मेस, थुनुवा कक्ष निरीक्षण गरेको अर्घाखाँचीका प्रहरी प्रमुख चक्रबहादुर मल्लले जानकारी दिए ।

डीआइजी कार्कीले पहाडी जिल्लाहरुमा यातायातको पहुँच कम हुने भएकोले अपराधिक गतिविधि, चोरी तस्करीका घटनाहरुलाई नियन्त्रण गर्न समय-समयमा लामो तथा छोटो गस्ती निकाली स्थानीय मानिसहरुसँग समन्वय गरी दुरदराजमा भएका गतिविधि बुझी आम नागरिकहरुको सुरक्षार्थमा खटिन प्रहरीलाई निर्देशन दिए ।

डिआइजी कार्कीले प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरंश पालना गरी प्रहरी आचारण र व्यवहारमा सुधार ल्याइ सामाजिक सञ्जालको सही सदुपयोग गरी प्रयोग गर्न र सवारी दुर्घटना न्यूनीकरण, आत्महत्या तथा लागुऔषधको प्रयोग र ओसारपसार नियन्त्रण गर्नको लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी आमनागरिकमा सचेतना फैल्याउन समेत निर्देशन दिएका थिए ।

कार्कीलाई अर्घाखाँची जिल्लाको शान्ति सुरक्षामा प्रहरीले गरिरहेको काम कारवाही, फरार प्रतिवादी पक्राउ लगायत प्रहरी कर्मचारीले भोग्नु परेका समस्याहरु, प्रहरी चौकी ईलाका प्रहरी कार्यालय भवनको अवस्थाबारे जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी गराएका थिए ।

# कांग्रेसका ३७ विभागमा सचिवहरू मनोनीत



**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको विधान बमोजिम पार्टीको ३७ विभागमा सचिव मनोनित गरेका छन् । उनले शुक्रबार प्रदेश समन्वय विभागको सचिवमा डा.रघु काफ्ले, महिला विभागमा कविता इटनी, सूचना, सञ्चार तथा प्रचार विभागमा गोपाल झा, वातावरण तथा जलवायु परिवर्तन सरोकार विभागमा इञ्जिनियर समीक्षा चौधरी, उद्योग तथा व्यापार विभागमा ध्रुव खड्का, सहकारी विभागमा चन्द्रप्रसाद ढकाल, पेशागत तथा बुद्धिजीवी विभागमा विजय तुम्वाहाम्फे, तराई-मधेस समन्वय विभागमा मनोजकुमार दास, दलित समुदाय समन्वय र सशक्तिकरण विभागमा दीपक सोनी, धर्म-संस्कृति समन्वय विभागमा इन्द्रमान तुलाधर, वित्तीय संस्था समन्वय विभागमा सिए दिलमानसिंह चन्दलाई मनोनित गरेको पार्टी कार्यालयले जनाएको छ ।

त्यसैगरी थारू विभागमा हल्लुप्रसाद चौधरी, द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप विभागमा हेमलाल पुन, स्थानीय तह समन्वय विभागमा लेखनाथ पोखरेल, निर्माण व्यवसाय समन्वय विभागमा एडी लामा, कानुन विभागमा अधिवक्ता कलमबहादुर खत्री, खेलकुद विभाग राजन केसी, शुभेच्छुक संस्था समन्वय विभागमा निर्मला क्षेत्री, संसदीय मामिला विभागमा वासु कार्की, गैरसरकारी संस्था समन्वय विभागमा प्रल्हादवावु पन्त, आदिवासी जनजाति विभागमा पासाङ शेर्पा, भू.पू. सैनिक विभागमा सुनिता लामिछाने, स्वास्थ्य विभागमा ईश्वर कार्की मनोनित भएका छन् ।

पिछडिएको क्षेत्र समन्वय विभागमा उत्तम सिम्खडा, आपूर्ति तथा उपभोक्ता विभागमा मनोहरि तिवारी, श्रमिक तथा ट्रेड युनियन विभागमा डीपी अर्याल, आर्थिक नीति तथा योजना विभागमा नवीन खनाल, विज्ञान तथा सूचना प्रविधि विभागमा इ.सरोज धिताल, पुस्तकालय तथा पार्टी अध्ययन-स्रोत केन्द्र विभागमा विपिन किरण, अपाङ्गता भएका व्यक्ति र समुदाय समन्वय एवं उत्प्रेरणा विभागमा भोजराज श्रेष्ठ, भूमि व्यवस्था तथा भूमिहिन, अव्यवस्थित बसोबास समन्वय विभागमा वीरेन्द्र थापा, व्यावसायिक सीप विकास विभागमा सुभाष कोइराला, पूर्वआप्रवासी समन्वय विभागमा सुभाषप्रसाद लोहनी, साहित्य, कला तथा संस्कृति विभागमा रिसवदेव घिमिरे, बालबालिका तथा किशोर-किशोरी समन्वय विभागमा रञ्जिता यादव, मानव अधिकार विभागमा डा वासुदेव गिरी र उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभागमा खगेन्द्र आचार्य मनोनित भएका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# जुम्लाका गाउँबस्तीका गुनासो सुन्दै प्रहरी



**दिलमामा शाही/मध्यान्ह**
जुम्ला, २६ पुस

जिल्ला प्रहरी कार्यालय जुम्लाले नागरिक सुनुवाइ सम्पन्न गरेको छ । प्रहरीले दिने सेवाको विषयमा नागरिकका गुनासा सुन्न गाउँका भेगहरुमा पुगेर नागरिक सुनुवाइ कार्यक्रम गरिएको हो । पातारासी गाउँपालिकाका लासीमा नागरिक सुनुवाइ कार्यक्रमले प्रहरी र नागरिकबीच सुमधुर सम्बन्ध स्थापित हुने बताइएको छ । जिल्ला प्रहरी कार्यालय जुम्लाले जुम्लामा रहेका प्रहरी युनिटलाई समेत लिएर गाउँमा पुग्न सुरु गरेको छ ।

कार्यक्रममा स्थानीय नागरिकसँगका गुनासो सुन्ने, समुदायका समस्या र प्रहरीले गर्नुपर्ने दायित्वको सन्दर्भमा प्रस्तुतीकरण गरिएको प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले जानकारी दिए । उनका अनुसार जिल्ला प्रशासन, ट्राफिक प्रहरी, जिल्ला सरकारी वकिल कार्यालयको संयुक्त रूपमा नागरिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो ।

प्रहरी नायब उपरीक्षक कामतीले लागुऔषध दुर्व्यसनी, घरेलु हिंसा, बाल यौन दुर्व्यवहार, आत्महत्या दुरुत्साहन, जवरजस्ती करणी, साइवर अपराध, डाँका चोरी, अभद्र व्यवहार लगायतका मुद्दाको विषयमा जानकारी दिएका थिए ।

उनले कार्यक्रमले सेवाग्राही र सेवा प्रदायक संस्थाबीचको प्रत्यक्ष सम्बन्ध स्थापना हुने र सुशासन,पारदर्शिता र जवाफदेहीता बोध हुने बताए ।

पछिल्लो समय प्रहरीले हिरासतमा बस्नका लागि मेसको व्यवस्था, सेवा लिन आउने पीडितहरुको सवारी पर्किङस्थल निमार्ण, महिला सेलमा बालमैत्री कक्ष र स्तनपान कक्ष स्थापना गरिएको उनले जानकारी दिए । उनले सुरक्षित समाजका निमित्त समुदायबाट आफुले सामुदायिक गस्तीमा प्रहरीसँग समुदायको सहकार्य, घटनाको समयमै जानकारी, मदिराजन्य पदार्थको बिक्री वितरणमा निश्चित एरिया तोकिनुपर्ने विषयमा सहयोग गर्न अनुरोध गरे ।

त्यस्तै जिल्ला प्रशासन कार्यालय जुम्लाका अधिकृत टोपबहादुर खत्रीले युवाहरूमा लागुऔषध दुर्व्यसनीको संख्या बढ्दै चिन्ता व्यक्त गरे ।

उनले प्रशासनबाट दिइने सेवा प्रभावकारी बनाउन लागि परेको बताए । त्यस्तै पातारासी गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोराले सडकको अवस्था र यात्रुको चापले गर्दा सवारी दुर्घटनाको जोखिम बढेको बताए । उनले युवायुवतीहरु विकृति विसंगतीतर्फ लागेकाले सबै मिली सचेतना अभियान सञ्चालन गर्नुपर्ने बताए । सुरक्षित समाजका निमित्त मदिरा नियन्त्रण गर्ने सवालमा आवश्यक योजना बनाइ चलाउनुपर्ने उनको भनाइ छ ।

# थारू समुदायले २ दिन महोत्सव मनाउने




**काठमाडौं/मस–**थारू समुदायले काठमाडौंको टुँडिखेलमा माघी महोत्सव मनाउने भएको छ ।

बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै टुँडीखेलमा २९ पुस र १ माघमा दुई दिन माघी महोत्सव मनाइने थारू राष्ट्रिय माघी महोत्सव, मूल आयोजक समितिका संयोजक एव थारू कल्याणकारिणी सभाका नवनिर्वाचित अध्यक्ष प्रेमिलाल चौधरीले जानकारी दिए ।

थारु समुदायले २०५९ सालदेखि काठमाडौंमा माघी महोत्सव मनाउँदै आएका छ ।

थारू समुदायको नयाँ वर्ष भएकाले थारू भाषा, संस्कृति र जनचेतनाको लागि दुई दिन महोत्सव मनाउने निर्णय भएको अध्यक्ष चौधरीले बताए ।

पहिलो दिन जिता मर्ना र रक्तदान र दोस्रो दिन माघी महोत्सव हुनेछ । चौधरीका अनुसार माघी महोत्सवको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नेछन् । यस वर्ष ’थारू संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा हाम्रो अभियान, समानुपातिक समावेशी पहुँचका लागि सम्पूर्णमा आह्वान’ भन्ने नारासहति माघी पर्व मनाउन लागिएको हो ।

२० भन्दा थारू संघ संस्थाहरुको संयुक्त आयोजनामा हुने माघी महोत्सवमा २०८१ मा यस वर्ष थारू खानपिन/परिकार, प्रदर्शनी एवं बिक्री, थारू सीप हस्तकला, पुस्तक प्रदर्शनी लगायतका करिब १०० भन्दा बढी स्टलहरू रहने उनले बताए ।

प्रचारप्रसार गर्ने उद्देश्यका साथ आइतवार बिहान मोटरसाइकल र्‍याली हुनेछ । र्‍याली तीनकुनेबाट सुरु भई भृकुटीमण्डपमा समापन हुनेछ । यस्तै सोमवार थारू संस्कृति, भेष भूषा, बाजा गाजा, संघ संस्थाको तूल ब्यानरसहित न्यूरोड, बसन्तपुरमा जम्मा भई झाँकी र्‍याली प्रदर्शनसहित रत्नपार्क, शहीदगेट, सुन्धारा परिक्रमा गरी मूलसमारोह टुँडिखेलमा सरिक छ ।

# विश्वविद्यालयका अधिकार क्षेत्रमा हस्तक्षेप नगर्ने सहमति

**काठमाडौं/मस–**राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको बैठकमा विश्वविद्यालयका अधिकार क्षेत्र, स्वायत्तता र पाठ्यक्रम बनाउने विषयमा हस्तक्षेप नगर्ने सहमति भएको छ ।

समितिको शुक्रबारको बैठकमा नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि दफावार छलफलका क्रममा उक्त विषयमा सहमति भएको हो ।

कानुन शिक्षाको मापदण्डका सम्बन्धमा विश्वविद्यालयको अधिकार क्षेत्र, स्वायत्तता र पाठ्यक्रम निर्माणमा विश्वविद्यालयले प्रयोग गर्ने प्राज्ञिक दृष्टिकोण हनन् गर्न नहुने विषयमा विस्तृत छलफलपश्चात् उक्त सहमति भएको हो । बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले कानुन शिक्षाको मापदण्डका विषयमा मन्त्रालयमा थप छलफल गरी अर्को बैठकमा धारणा प्रस्तुत गरिने बताए । समिति सभापति तुलसाकुमारी दाहालले कानुन शिक्षाको मापदण्डलाई व्यवस्थित र थप प्रभावकारी बनाउने विषयमा अर्को बैठकमा पुनःछलफल गरिने बताइन् ।

# रौतहटमा प्रहरीको नागरिक सुनुवाइ



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २६ पुस

जिल्ला प्रहरी कार्यालय रौतहटको आयोजनामा नागरिक सुनवाइ कार्यक्रम सम्पन्न भएको छ । जिल्लामा सुरक्षा व्यवस्थापन, प्रहरी सेवाको प्रभावकारिता र नागरिकहरूको गुनासो तथा सुझावहरू संकलन गर्न कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रहरीले नागरिकहरूसँग प्रत्यक्ष संवाद गर्दै गुनासा सुनेको र सुधारको आवश्यकता भएका क्षेत्रहरू पहिचान गर्ने अवसर पाएको प्रहरी निरीक्षक उमाशंकर गुप्ताले बताए । यसले नागरिक र प्रहरीबीचको सहकार्य बलियो बनाउने, विश्वासको वातावरण सिर्जना गर्ने र शान्ति सुरक्षामा पारदर्शिता कायम गर्न मद्दत पुग्ने विश्वास लिइएको गुप्ताको भनाइ छ । जिल्ला प्रहरी रौतहट कार्यालयका प्रमुख तथा अन्य अधिकारीहरूले नागरिकहरूको सहभागितामा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि प्रहरी चौकीहरुमा यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमको सकारात्मक प्रभावले सुरक्षा व्यवस्थामा थप सुधार हुने अपेक्षा गरिएको छ ।

**भूल सुधार**

मिति २०८१/०९/२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित ओमनमा रोजगारको अवसर शीर्षकको **पूर्व स्वीकृत मिति: २०८१/०५/२४**, चलानी नं.: ६०२३१०५६ कम्पनीको नाम : **DOHAT AL KHALEEJ LLC** र L.T. No.: 316842 मा यस प्रालिको Government Lic.no: (1726/081/82) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**S.N.K. Facilities Management Pvt. Ltd.**
Bafal-13, Kathmandu, Nepal, Tel. 01-5922923
Gov. Lic No. 1726/081/082 Mo.: 9851049837 Email: snkhrc@gmail.com. website: www.snkmanpower.com

## पुस्तक समीक्षा

# बौद्धगाथाको आख्यानीकरण

*बुद्ध दर्शनले मानव जगत्‌लाई सही बाटोमा हिँड्न प्रेरित गरेका प्रसस्तै उदाहरणहरू लेखकले संकलन गरेका छन् । यसैगरी समाजलाई व्यवस्थित र मर्यादित बनाउनसमेत बुद्धका उपदेशहरूको महत्त्वपूर्ण भूमिका रहेको कुरालाई उपन्यासले दर्शाउने प्रयास गरेको छ...*



■ धर्मराज भट्टराई

कुनै इतिहासविद्‌ले इतिहासका बारेमा व्याख्या गर्नु कुनै अचम्मको कुरा भएन । कुनै गीतकारले गीत रचनाका बारेमा लेख्नु, बोल्नुलाई सामान्य मान्न सकिन्छ । तर, जब कुनै आख्यानकारले इतिहास खोतल्न थाल्छन्, तब भने अचम्म मान्नुपर्ने देखिन्छ ।

त्यसमाथि संसारकै चर्चित, सबैका मार्गदर्शका बनेका आदर्श व्यक्तित्वमाथिको जीवनी लेखनलाई सामान्य रूपमा हेर्न सकिँदैन । यसमा ठूलो मिहिनेत, साधना तथा परिश्रम मात्रले पुग्दैन, जोखिम पनि वहन गर्न सक्नुपर्ने देखिन्छ । यस्तै जोखिम मोल्ने लेखकमा पर्नुभएको छ, शैलेन्द्र अधिकारी ।

पछिल्लो पटक प्रकाशित 'अर्हत्' उपन्यासमा अधिकारीले बुद्धगाथा र बुद्धका धर्मोपदेशलाई आख्यानीकरण गर्नुभएको छ । यति मात्र होइन, बुद्धकालीन समाज, राज्य व्यवस्था, राजनीतिक परिवेशका साथै तत्कालीन पारिवारिक पद्धतिका बारेमा समेत उपन्यासमा व्याख्या गरिएको देखिन्छ ।

सिद्धार्थ गौतमको सामान्य इतिहासका बारे नजान्ने विरलै होलान् । विद्यालयदेखि विश्वविद्यालयसम्मका पाठ्यपुस्तकदेखि विभिन्न लेख रचनाहरूमा उनका बारेमा वर्णन गरिएको पाइन्छ ।

उनको जन्म आजभन्दा करिब २ हजार ६०० वर्ष अगाडि लुम्बिनीमा भएको थियो । दरबारमा जन्मिएर सुख सयलमा हुर्किएका उनी संसार बुझ्न र ज्ञानको खोजीमा दरबार छाडेर निस्किए । कठोर तपस्यापछि उनमा अदभुत ज्ञान (बुद्धत्व) प्राप्त भयो । त्यसपछि उनी गौतम बुद्धका नामले परिचित हुन थाले ।

उनको महापरिनिर्वाण ८० वर्षको उमेरमा भारतको कुशीनगरमा भएको थियो । यिनै जानकारीहरूलाई आधार बनाएर धेरैले गौतम बुद्धका बारेमा आफ्नो धारणा राख्ने गरेका पाइन्छ । तथापि, यसरी बनेका धारणाहरू अपूर्ण रहेछन् भन्ने कुरा 'अर्हत्' उपन्यास पढेपछि अनुभव गर्न सकिन्छ । बुद्ध र बुद्धकालीन समयका बारेमा सामान्य अध्ययनबाट मात्र विश्लेषण गरियो भने 'अर्हत्'माथि अन्याय हुने देखिन्छ ।

'अर्हत्' उपन्यासका लेखक अधिकारीले आफ्नो पुस्तकमा गौतम बुद्धको जन्मदेखि उनको महापरिनिर्वाणसम्मको करिब ८० वर्षको कालखण्डलाई सरल र सहज शैलीमा पस्किने प्रयास गरेका छन् । यस अवधिमा घटेका विभिन्न घटनाक्रमहरूलाई ४७ खण्डमा विभाजन गरिएको छ । हरेक खण्डलाई १ शब्दका उपशीर्षक दिएर कथाहरूको विस्तीर्णता तयार गरिएको छ ।

